*सहायक महान्यधिबक्ता*
*950 Pennsylvania Ave, NW - RFK*
*Washington, DC 20530*

**सहायक महान्यधिबक्ता एरिक एस. ड्रेब्याण्डद्वारा नागरिक अधिकारकालागि जारी वक्तव्य**

**कोरोनाभाइरस रोग २०१९ (कोभिड-१९) लाई सामना गर्दै नागरिक अधिकारको रक्षा**

कोरोनाभाइरस रोग २०१९ (कोभिड-१९ ) को कारण लागु भएको आपतकालिन जनस्वास्थ्य सेवाको मध्यनजर गर्दै, संयुक्त राज्य अमेरिकी न्याय विभागको नागरिक अधिकार प्रभागले अवैध भेदभावका पीडितहरूले आफ्नो नागरिक अधिकारको हनन भएको खण्डमा कहाँ जाने भनेर सुनिश्चित गर्न यो बिज्ञप्ति जारी गरेको छ।

जाति, लिङ्ग, धर्म, मूल राष्ट्रियता, अशक्तता, र अन्य संरक्षित वर्गमा आधारित भेदभाव धेरै संघीय कानून अन्तर्गत गैरकानूनी छ र एसको परिणाम आपराधीक वा नागरिक दायित्व अन्तर्गत कारबहि हुन सक्छ I उदाहरण हेर्नुहोस्, https://www.justice.gov/crt/page/file/921291/download. यी घृणामा आधारित र अन्य संरक्षित वर्गहरूमा आधारित हिंसात्मक कार्यहरूले संघीय घृणा अपराध कानून उल्लंघन गर्दछ। उदाहरण हेर्नुहोस्, https://www.justice.gov/crt/hate-crime-laws. शिक्षा, रोजगार, स्वास्थ्य र सुरक्षा, आवास, र सार्वजनिक आवास को स्थान सहित धेरै फरक सन्दर्भमा भेदभाव हुन सक्छ।.

कोविड-१९ महामारीको विश्वव्यापी प्रतिक्रिया जारी रहदा, यो विभाग नागरिक अधिकार कानूनहरू लागू गर्न सतर्क रहनेछ। डर र पूर्वाग्रहले आवास, विद्यालय, सुविधाहरू, सेवाहरू, रोजगारी, र जानकारी, अन्य सन्दर्भमा भन्दा जाति, लिंग, धर्म, मूल राष्ट्रियता, अशक्तता, वा अन्य संरक्षित वर्गहरूको आधारमा सीमित हुनेछैन भन्ने हामीले सुनिश्चित गर्नै पर्छ। यसका साथै सहि आपतकालीन तथा स्वास्थ्य सूचनाको पहुचले गर्दा सबैले जानकारीमुलक निर्णयहरु गरेर आफु, आफ्नो परिवार, तथा सम्पूर्ण समाजलाई जोगाउने क्षमता प्रदान गर्दछ।

**हामी सबै मिलेर संरक्षित वर्गहरूमा आधारित हिंसात्मक कार्यहरू वा धम्की सहित का गैरकानूनी भेदभावलाई सम्बोधन गर्नु निकै महत्त्वपूर्ण छ ।**सबै आपतकालिन अवस्थाहरूमा जस्तै कोभिड-१९ प्रकोपले बिभिन्न वर्ग, धर्म, र जातिहरूको साथसाथै अपाङ्गता भएका व्यक्तिहरुलाई पनि असर गरेको छ। गैरकानूनी भेदभावले मान्छेहरुलाई उपचार लिन वा जानकारी लिन अगाडि आउनबाट पनि निरुत्साहित गर्न सक्छI **गैरकानूनी भेदभावपूर्ण व्यवहारलाई निषेध गर्ने कानूनहरू कडाईका साथ लागू हुनेछI**

**यदि तपाईं जाति, लिंग, धर्म, मूल राष्ट्रियता, अशक्तता, वा अन्य संरक्षित वर्गमा आधारित विभेदको शिकार हुनुहुन्छ भन्ने विश्वास गर्नुहुन्छ भने तपाईंले कसरी गुनासो दर्ता गर्ने भन्ने जानकारी यहाँ पाउन सक्नुहुन्छ** https://www.justice.gov/crt/how-file-complaint **र** https://www.justice.gov/crt/fcs**. रोजगारि मा विभेद सम्बन्धि गुनासो इ इओ सी मार्फत यहाँ दर्ता गर्न सकिन्छ** https://www.eeoc.gov/employees/charge.cfm**. तपाईं नागरिक अधिकार प्रभागको टोल फ्री नम्बर ८५५-८५६-१२४७ वा २०२-५१४-३८२७ मा सम्पर्क गर्न सक्नुहुनेछI यसबाहेक, प्रभागले यहाँ थप स्रोतहरू प्रदान गर्दछ** https://www.ada.gov **(अक्षमता-सम्बन्धित विषयहरू) र** https://www.lep.gov **(भाषा पहुँच जानकारी)**

**यदि तपाईंसँग जाति, लिंग, धर्म, राष्ट्रिय उत्पत्ति, अशक्तता वा अन्य सुरक्षित वर्गको कारण हुने हिंसात्मक कार्य वा खतरा सम्बन्धी जानकारी छ भने कृपया तपाईंको स्थानीय एफबीआई क्षेत्र कार्यालयमा सम्पर्क गर्नुहोस्। तपाईंले क्षेत्र कार्यालयहरुहरूको सूची यहाँ फेला पार्न सक्नुहुन्छ** https://www.fbi.gov/contact-us/field-offices**.**

संयुक्त राज्य अमेरिकाको न्याय विभागको नागरिक अधिकार प्रभाग, संघीय सरकारहरुका अन्य एजेन्सीहरु संग मिलेर कोभिड -१९ सम्बन्धित नागरिक का अधिकार मुद्दाहरूको निगरानी जारि गरिरहने छ । अधिक जानकारीका लागि, कृपया www.justice.gov/crt/fcs हेर्नुहोस् संघीय सरकारको कोभिड-१९ प्रतिको प्रतिक्रियाको बारेमा थप जानकारी को लागी व्हाइट हाउस: अमेरिकामा कोरोना भाइरसका लागि

[मार्गनिर्देशनहरू](#) र [www.coronavirus.gov](http://www.coronavirus.gov) मा हेर्नु होला।

*मार्गदर्शनपत्रहरु बाध्यकारी छैनन् तथा स्पष्ट रूपमा कानुन द्वारा अधिकृत नगरिएको वा स्पष्ट रूपमा अनुबंध, अनुदान, वा सहकारी सम्झौतामा समावेश नगरिएको अवस्थामा कानूनको बल र प्रभावको अभाव रहने छ। कार्यकारी आदेश १३८९१ र व्यवस्थापन कार्यालय र बजेट कार्यान्वियन ज्ञापनपत्र अनुरूप, विभागले ऐतिहासिक तथ्यहरू स्थापना गर्न बाहेक कुनै मार्गनिर्देशनलाई उद्धृत गर्ने, प्रयोग गर्ने वा भरोसा गर्ने छैन जुन प्रभागको मार्ग निर्देसन पोर्टल , वा अन्य कार्यकारी शाखा विभागहरू र एजेन्सीहरूको लागि समान मार्गनिर्देशन पोर्टल मार्फत पहुँच योग्य छैनI जुन हदसम्म कुनै मार्गदर्शनपत्र ले स्वैच्छिक मापदण्डहरू निर्धारण गर्दछ (उदाहरणका लागि सिफारिस गरिएका अभ्यासहरू), ती मानकहरूको पालना स्वैच्छिक हो र गैर-अनुपालन कार्यान्वियन कार्यको परिणाम हुनेछैन। मार्गनिर्देशनपत्रहरू लागू कानून अनुरूप विभागको पूर्ण विवेकाधिकारमा पुन: खारेज वा संशोधन गर्न सकिन्छI*